# भूमे साप्ताहिक

वर्ष ६ अङ्क २२ २०८१ पौष १४
आईतबार


## सम्पादकीय

# चिसोबाट बचौं

जाडो मौसम सुरु भएसँगै चिसोका कारण स्वास्थ्यमा विभिन्न समस्या उत्पन्न हुने जोखिम बढ्छ। विशेष गरी कमजोर स्वास्थ्य भएका बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, तथा दीर्घ रोगीहरु चिसोबाट बढी प्रभावित हुन्छन्। यस अवस्थामा सचेतना र सावधानी अपनाउन अत्यावश्यक छ। चिसोबाट बच्नका लागि प्राथमिकताका साथ शरीरलाई तातो राख्ने उपाय अपनाउनु जरुरी छ। गर्मी कपडा लगाउने, तातो खानेकुरा खाने, र घरभित्रै बस्नेतर्फ ध्यान दिनुपर्छ। घरमा हिटर, आगो वा अन्य तातो गर्ने साधनको सुरक्षित प्रयोग गर्नुपर्छ। साथै, अत्यधिक चिसो क्षेत्रमा बस्नेहरुले शरीरका सबै अंगलाई राम्रोसँग ढाक्ने गरी न्यानो कपडा लगाउनु पर्छ।

विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलहरुमा चिसोबाट बच्न सुरक्षात्मक उपायहरु लागू गरिनुपर्छ। सरकार र स्थानीय निकायले पनि चिसो मौसममा विशेष सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्छ। न्यानो कपडाको वितरण, सार्वजनिक स्थलमा तापक्रम नियन्त्रण गर्ने सुविधा जस्तै आगो ताप्नका लागि दाउराको व्यवस्था राख्ने जस्ता कदमले जनतालाई राहत दिन सक्छ। चिसोबाट हुने स्वास्थ्य समस्या जस्तै निमोनिया, श्वासप्रश्वासका रोगहरु, रुघाखोकी जस्ता समस्याबाट जोगिन समयमै स्वास्थ्य परामर्श लिनु जरुरी छ। यस्तो अवस्थामा व्यक्तिगत र सामुदायिक तहमा चनाखो भई सुरक्षित वातावरण सिर्जना गर्नु अत्यन्त महत्वपूर्ण छ।

चिसोको असरले मानिसको स्वास्थ्य, जनजीवन, तथा सामाजिक आर्थिक पक्षमा-गहिरो प्रभाव पार्न सक्छ। चिसो मौसममा भाइरसहरू सक्रिय हुने भएकाले रुघाखोकी र फ्लुको समस्या बढ्छ। दम, ब्रोन्काइटिस, र निमोनिया जस्ता रोगहरु चिसोमा झन् गम्भीर बन्ने गर्छन्। शरीरको तापक्रम अत्यन्त कम हुँदा जीवनलाई जोखिममा पार्छ। छाला सुक्खा हुने, चिलाउने, र चर्किने समस्या सामान्य हुन्छ। चिसोले हड्डी र जोर्नी दुख्ने समस्या झन् बढाउँछ। चिसोका कारण मानिसहरु बाहिर निस्किन कठिन महसुस गर्छन्। कठ्यांग्रिने चिसोले विद्यालय र कार्यस्थलमा उपस्थिति कम हुन सक्छ। कमजोर घर भएका वा सडकमा बस्ने व्यक्तिहरुमा चिसोको गम्भीर प्रभाव पर्छ। चिसोबाट बच्न हिटर र अन्य तापक्रम व्यवस्थापनका लागि ऊर्जा खपत बढ्छ, जसले खर्च बढाउँछ। असिनापानी, हिमपात वा चिसो हावाले खेतीबालीमा नकारात्मक प्रभाव पार्छ।

चिसोका कारण हुने रोगका उपचारमा थप खर्च हुन सक्छ। अत्यधिक चिसोले नदीनाला जम्न सक्छ, जसले पानीको अभाव गराउँछ। चिसोका यी असरहरुलाई न्यूनिकरण गर्न व्यक्तिगत, सामुदायिक, र सरकारी स्तरबाट सावधानी र पूर्वतयारी आवश्यक छ। समयमै न्यानो कपडा, तातो खानेकुरा, र सुरक्षित तापक्रमको व्यवस्था गरि चिसोको असरबाट बच्न सकिन्छ। चिसोको असरलाई कम गर्न सबैले आ–आफ्नो ठाउँबाट योगदान गरौं र यस मौसमलाई सुरक्षित र स्वास्थ्यकर बनाऔं।




**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# रुकुमपूर्वमा ९९ मेट्रिकटन किवीले बजार पाएन



❖ बालाराम शेर्पाली

रुकुमपूर्वमा कृषकले परीक्षणका लागि लगाएको किवी फस्टाउँदै गएको छ। परीक्षणको लागि लगाइएको किवी फस्टाउँदै गएपछि हाल कृषक व्यवसायिक किवी खेतीतर्फ आकर्षित भएका छन्। तीन गाउँपालिका रहेको सिस्ने, भूमे र पुथाउत्तरगंगा गाउँपालिकाको अधिकांश ठाउँमा किवी उत्पादन राम्रो देखिएको छ। कृषकले लगाएको किवी बारीमा लटरम्म फलेको छ। लटरम्म फलेका किवीले बजार नपाउँदा कृषक दुःखी भएका छन्। भूमे गाउँपालिका–५ दालिबाङमा मोहनसिंह पुनले ३ वर्ष पहिले मकै खेती मासेर किवी खेती तर्फ लाग्नु भएको हो।



पुनले ठुला शहरी बजारमा किवीको माग राम्रो देखेपछि आफ्नै १५ रोपनी जग्गामा व्यवसायिक किवी खेती गरेको बताउनुभयो। विभिन्न पुस्तक तथा युटुबमा किवी खेंती गर्ने तरिका तथा प्रविधिको बारेमा अध्ययन गर्नु भएको थियो।

उहाँले भन्नुभयो, “धैरे स्थानमा पुगेर किवी फर्मको पनि अवलोकन गरेर परीक्षणको रुपमा सुरुको वर्षमा लगाएको बोटले राम्रै फल दिन थालेपछि करिब १० लाख लगानीमा किवी खेती गर्नेमा लागियो तर, उत्पादन राम्रो भइरहेको छ, बिक्री हुँदैन्।”१५ रोपनी जग्गामा लगाएको उत्पादन भएको किवीले बजार नपाउँदा नोक्सानी व्यहोर्नु परिराखेको उहाँको भनाइ रहेको छ।

गत वर्षको भन्दा यस दोब्बर बढी किवी उत्पादन भएको छ।

तर बिक्री गर्न समस्या भएको पुनले बताउनुभयो। बजार अभाव र मूल्य नपाउँदा सारै दुःखी हुनु परेको पुनले सुनाउनुभयो।

रुकुमपूर्वमा सानो बजार र उत्पादन धेरै भएपछि किवी बिक्री गर्न समस्या भएको भूमे गाउँपालिका–५ का अर्का कृषक मिनबहादुर बुढाले बताउनुभयो। बुढाले भन्नुभयो, “रुकुमपूर्वका बजारमा किवी बिक्री हुँदैन् पोखरा, काठमाण्डौं लैजान कठिनाइ छ यो कृषकका समस्या सरोकारवाला निकायले पहल नै गरिदिनु हुन्।”

यस जिल्लामा १४ हेक्टर क्षेत्रफलमा किवी लगाइएको एकीकृत पशुपन्क्षी विकास कार्यालय रुकुमपूर्वका प्रमुख डिल्लीराज पौडेलले जानकारी दिनुभयो। प्रमुख पौडेलका अनुसार उक्त क्षेत्रफलमा लगाइएको किवी ९९ मेट्रिकटन उत्पादन भएको छ। उत्पादन भएको कृषि उपजले बजार नपाउँदा आफूहरु पनि दुःखी भएको पौडेलले बताउनुभयो। उत्पादन कृषि उपज बिक्रीका लागि स्वयम कृषकले नै ग्राहक खोज्नु पर्ने उहाँको भनाइ रहेको छ।

यद्यपि कृषि कार्यालयले अन्य जिल्लाका बजारसँग यहाँका उत्पादित कृषि उपज खरिद, बिक्रीका लागि सहजिकरण गर्ने पौडेलले जानकारी दिनुभयो। किवीको मूल्य प्रति किलो २ सय रुपियाँ रहेको छ। सिस्ने गाउँपालिकामा २ हेक्टर, भूमेमा ५ र पुथाउत्तरगंगा गाउँपालिकामा ३ हेक्टर जमिनमा किवी उत्पादन भइरहेको छ।

# जितखोला–सिमा–झुम्लाबाङ ग्रामीण सडक कालोपत्रे हुँदै

## *जिल्लामै पहिलो पटक ग्रामीण सडक कालोपत्रे*




रुकुमपूर्व भूमे गाउँपालिका–३ स्थित जितखोला–सिमा–झुम्लाबाङ ग्रामीण सडक कालोपत्रेको काम सुरु गरिएको छ। यस गाउँपालिकाको ग्रामीण सडकहरूमा यो सडक खण्ड पहिलो पटक कालोपत्रे हुन लागेको हो। मध्यपहाडी लोकमार्ग बाहेक अन्य ग्रामीण सडक कालोपत्रे गरिएको छैन्।

भूमे गाउँपालिकामै पहिलो पटक ग्रामीण सडक कालोपत्रेको काम सुरु हुँदा स्थानीयले खुसी व्यक्त गरेका छन्। जितखोला –सिमा –झुम्लाबाङ –राङ्सी ग्रामीण सडक खण्डको यस पटक जितखोला –सिमा–झुम्लाबाङ खण्डको ६ किलोमिटर सडक कालोपत्रे हुन लागेको भूमे–३ का वडाध्यक्ष प्रशुराम बुढा मगरले जानकारी दिनुभयो।

स्थानीय पूर्वाधार विभाग, ग्रामीण सडक सञ्जाल सुधार आयोजना (आरसीआइपी)को आयोजना र एशियाली विकास बैङ्कको आर्थिक सहयोगमा उक्त सडक कालोपत्रे हुने भएको वडाध्यक्ष बुढामगरले बताउनुभयो। गत हप्ता देखि कालोपत्रेको लागि सडक चौडा गर्ने र ग्याविन वाल लगाउने काम भइरहेको उहाँले बताउनुभयो। सिसाघारी–सिमा–झुम्लाबाङ–राङ्सी ग्रामीण सडक खण्ड कालोपत्रेको काम एनएनटी विकास प्रालि बिहार इन्डियाले ठेक्का पाएको छ। २०८१ असार ३० मा कामको सम्झौता गरिएकोमा २०८३ असार ३० गते सम्म सडक कालोपत्रे काम सक्ने गरी १५ करोड रुपियाँमा ठेक्का पाएको एनएनटी विकास प्रालि बिहार इन्डियाका उज्जवप्रसाद न्यौपाने जानकारी दिनुभयो। ग्रामीण सडक खण्ड कालोपत्रे भएपछि स्थानीयलाई आउजाउमा सहज हुनुका साथै कृषि उपज सजिलै बजार सम्म पु¥याउन सहज हुने भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

# नेपाल मानव अधिकार वर्ष पुस्तक २)२५ प्रकाशन पूर्व वार्षिक समीक्षा सम्पन्न






नेपाल मानव अधिकार वर्षपुस्तक २०२५ का लागि सन् २०२४ मा रुकुम पूर्वमा अभिलेख गरिएका मानव अधिकार सम्बन्धी घटनाहरूको प्रकाशन पूर्व वार्षिक समीक्षा कार्यक्रम २०८१ पुस ८ गते रुकुमकोटमा सम्पन्न भएको छ। मानव अधिकारकर्मी विनोद केसीको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेको प्रमुख आतित्यमा भएको समीक्षा कार्यक्रममा इन्सेक प्रतिनिधिले रुकुम पूर्वमा सन् २०२४ जनवरी देखि डिसेम्बरसम्म उल्लेख गरिएका मानव अधिकार सम्बन्धी घटनाहरू प्रस्तुत गर्नुभएको थियो।

वार्षिक तथ्याङ्क प्रस्तुत गर्दै प्रतिनिधिले एक वर्षमा रुकुम पूर्वमा विभिन्न १२ ओटा मानव अधिकार सम्बन्धी घटना भएको जानकारी दिनुभयो। जसमा आठ ओटा बलात्कार घटना र चार ओटा हत्याका घटना छन्। अस्पतालमा विश्वकै डाक्टरको दरबन्दी अनुसारको पदपूर्ति नभएको, विद्यालयमा विषयगत शिक्षकहरूको अभाव रहेको, भौतिक पूर्वाधार नहुँदा विभिन्न नागरिक सेवाहरूमा समस्या भएको, कारागार नहुँदा थुनुवा र न्याय सम्पादनमा समस्या भएको , वातावरणीय परिवर्तन देखिएको, ढोरपाटन आरक्ष्यका कारण किसानहरूको खाद्य सुरक्षा जोखिममा रहेको सहभागीहरूले बताएका थिए।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले इन्सेकले गरेको अभिलेख सत्य र तथ्य हुनुपर्ने बताउनु भयो। समस्यै समस्या मात्रै भएको भन्ने भन्दा पनि हिजोभन्दा आज मानव अधिकारका सवाल र परिपूर्तिमा धेरै सुधार आएको प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताउनु भयो। कार्यक्रममा जिल्ला प्रहरी प्रमुख डिएसपी माधवराज खरेलले वर्ष पुस्तकलाई तथ्यपरक बनाएर राज्यलाई नियमित झक्झकाउने काममा वर्ष पुस्तकले काम गरेको बताउनु भयो। कार्यक्रममा सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोपाल रेउलेले हिंसा पीडितहरूको पक्षमा स्थानीय सरकारले सेफ हाउस सञ्चालन गरेर काम अगाडि बढाएको बताउनु भयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ रुकुम पूर्वका अध्यक्ष वसन्त बाठा मगर, जिल्ला बार इकाइ रुकुमपूर्वका सदस्य किरण गौतम, नेकपा एमालेका जिल्ला उपसचिव पशुपति खड्का, नेकपा माओवादी केन्द्रका जीवन केसी लगायतले मानव अधिकार वर्ष पुस्तकले यस क्षेत्रको मानव अधिकारको अवस्था उजागर गरेको भन्दै निरन्तर खबरदारी गर्न सुझाव दिनुभयो।

# यू .एम. एन रुकुम पूर्व कलष्टरले बनाएको सफा र हरित गाउँ



रुकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका वडा नम्बर ११ तुपा गाउँलाई जिल्ला मै पहिल नमुना वातावरण मैत्री हरित र सफा गाउँ बनाउन गत असारम घोषणा गरिएको छ। केही समयअघि मात्र, ४१ घर परिवार रहेको तुपा गाउँ एउटा साधारण गाउँ थियो।

जसले विभिन्न किसिमका समास्याहरुको सामना गरिरहेको थियो। गाउँ ,टोलहरुमा सरसफाई अभाव र समुदाय स्तरमा चेतनाको अभाव गर्दा रुकुमपूर्व जिल्ला खुला मुक्त भएता पनि यस गाउँमा भने खुला ठाउँमा दिसा गर्ने समस्या व्यापक थियो। भने पप्लास्टिकजन्य फोहोरहरू सबै ठाउँमा छरपस्ट थिए। ठोस फोहोरको व्यवस्थापनका नभएको कारण पशु चौपायहरुले पनि पलाष्टिकजन्य फोहोरहरु आहाराको रुपमा लिई विभिन्न प्रकारका रोगहरू लाग्ने गरेको स्थानीयहरुले बताएका छन्।

पुथा उत्तगङ्गा गाउँपालिका वडा नम्बर ११ तुपाको गाउँ बस्तीमा २०७७ देखी यू .एम. एन रुकुम पूर्व कलष्टर र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र मिक नेपाल रुकुमको साझेदारीमा सञ्चालित दिगो वातावरण र आर्थिक विकास (SEED) परियोजना द्धारा प्रगतीशिल दिदि, बहिनी कृषक समुह गठन गरि विभिन्न किसिमका समस्यहरुको समाधानको लागी क्षमता विकास तालिमहरु विभिन्न जनचेतना मुलकका कार्यहरु सञ्चालन गरिएको यू .एम. एन रुकुम पूर्व कलष्टरले जानकारी दिएको छ।

सो गाउँका समुहहरुले बार्षिक कार्य योजनामा नेपाल सरकारको वातवारणमैत्री स्थानीय शासन प्रारुप २०७८ अन्तर्गत गाउँ टोललाई वातावरण मैत्रीगाउँ घोषणा गर्ने बारेमा पनि योजना निर्माण तथा छलफल गरि समस्याहरूलाई क्रमिक रूपमा समाधान गर्न सहकार्य र सहयोगको माध्यमबाट समुदायमा फोहोर व्यवस्थापनको लागी गाउँटोलमा फोहोर व्यवस्थापनको लागी खाल्डोहरु निर्माण, प्रत्येक घर परिवारहरुले करेसाबारी निर्माण र तरकारी प्रयोग, घर परिवारमा तहमा फोहोर

वर्गिकरण,नियमित टोल सरसफाई , सुधारीएको चुलो प्रयोग आदी प्रयोगको लागी छलफल गरिएको हो। परियोजना द्धारा हाल सम्ममा तुँपा गाउँका १४ परिवारहरुलाई जीविकोपार्जनका लागी पनि सहयोग गरिएको छ। प्रगतीशिल दिदि बहिनीरुको अगुवाईमा र अग्रसरतामा वातावरण मैत्री स्थानीय शासन २०७८ को सुचकहरु पुरा गर्नलाई सहयोग गरिएको यू .एम. एन रुकुम पूर्व कलष्टर जानएको छ। प्रगतीशिल दिदि बहिनी कृषक समुहको अगुवाईमा नियमित रुपमा गाउँ टोल सरसफाई अभियान अनुगमन गर्ने गरेका छन् भने समुदायका करेसाबारी निर्माण र ताजा तरकारी उपभोग समुदायमा रहेका खुला स्थानमा बृक्षा रोपन मासिक बैठक छलफल लागाएताका अन्य समाजिक कार्यहरुमा पनि समुहका सदस्यहरु सहभगी हुने गर्दछ।

| क्र स | आधारभूत सूचकहरु | बिस्तारित वा परिष्कृत सुचक |
|---|---|---|
| १ | स्वच्छ खानेपानीको पहुँच भएको। | घर आगन तथा घर अगाडीको बाटो नियमित सरसफाई गरेको। |
| २ | सौचालयको व्यवस्था, त्यसको उचित प्रयोग तथा व्यक्तिगत सरसफाईमा ध्यान दिएको। | प्लाष्टिकको झोला प्रयोग नगरि आवश्यक पर्दा जुट , कपडाको झोला , प्रयोग गर्ने गरेको। |
| ३ | घर भित्रको फोहोरहरु सड्ने र नसड्ने विभाजन गरि उचित व्यवस्थापन गरिएको। | सुधारिएको चुलो प्रयोग गरिएको। |
| ४ | कम बिजुली खपत हुने चिम तथा नबिकरणीय उर्जाको प्रयोग भएको। | घर वरिपरि फलफूलको बाटोहरु लगाएको । |
|  | | करेसाबारी तथा खेतबारीमा गोबरमल वा प्राङ्गारीक मलकोप्रयोग गरिएको। |
| | | खेतबारीमा जैबिक तथा वनस्पतिक औषधीको प्रयोग गरिएको। |

# कृषिमा रमाउने, कृषिबाटै कमाउने– बल बहादुर चलाउने

**मजदूरीबाट कृषि ब्यवसाय- आत्मनिर्भर बन्ने उपाय**



बल बहादुर चलाउने

**"ब्यवसायिक तरकारी उत्पादनमा जोडिएर काम गर्दा राम्रै आम्दानी हुने स्थिति देखेर एकबर्षपछि सोलनबाट घरमा गइ श्रीमतीलाई पनि साथमै लिएर सोलनमा आई दम्पती नै ब्यवसायिक तरकारी उत्पादनमा लागेको।"**

❖ यु के लाल

पौरखी मान्छेलाई जमिन स्वदेशको होस् या बिदेश नै किन नहोस् भुगोलको सिमारेखाले खुम्च्याउन सक्दैन। कुनैपनि देशको माटोले आफ्नो बिरानो छुट्याउदैन। माटोलाई माया गर्ने पौरखी मान्छेले हो भने माटोले रोज्ने भनेको पौरखीलाई नै हो अल्छीलाई होइन। पाखुरी चलाएर पसिनाले सिंचाइ गर्ने आँट गर्नसक्ने पौरखीलाई मात्रै माटोले मोतीको उपहार दिनसक्छ। नेपालमा कृषि क्षेत्रबाट राम्रो भविष्य नदेखेर जमिन बाँझो बनाउने गरि बैदेशिक रोजगारमा गएका नेपाली युवाहरुले बिदेशमा गएर कृषि फर्ममा काम गर्ने गरेको पनि धेरै उदाहरणहरु छन्। बिगत अट्ठाइस बर्षदेखि भारतको हिमाचल प्रदेश राजगढरोड साम्तीमा ब्यवसायिक रुपमा

## कृषिमा आश्रित पारिवारिक पृष्ठभूमि

तरकारी खेती गरेर कृषि कर्ममा रमाउदै र कृषि कर्मबाटै कमाउदै आएका बल बहादुर चलाउने एक नमुना कृषि उद्यमी हुन

सल्यान जिल्ला सिद्धकुमाख गाउँपालिका वडा नं २ कुइँयाझोल जन्म घर भएका आमा तिला चलाउनेको कोखबाट २०३६ असोज १८ गते जन्मिएका मनिराम चलाउनेका जेठा छोरा बल बहादुर चलाउनेका चार भाई एक दिदी र एक बहिनी रहेका छन्। सानै उमेरमा आमा गुमाएर मामा नर बहादुरको घरमा नै हुर्केकी लिलावती रोकासंग बैवाहिक सम्त्रन्धमा जोडिएका बल बहादुर चलाउनेका दुई भाई छोराहरु दीपक कुमार चलाउने र सुनिलकुमार चलाउने रहेका छन। उनका दुईभाई छोराहरु मध्ये जेठा दीपकले हमिरपुर जिल्ला मेडिकल कलेजबाट एम.बि.बि.एस.डाक्टरी पढाइ गरेका छन् भने कान्छा छोरा

सुनिलले चण्डीगढ कॉलेजबाट कम्प्युटर इन्जिनियरिङ सम्मको पढाइ गरेका छन्। उनका दुईभाइ छोराहरु पेशाले कोही डाक्टर र कोही कम्प्युटर इन्जिनियर भएता पनि छुट्टिको समयमा घरमा आएको बेला बुबा र आमालाई खेतीपातीको काममा पनि सघाउने गरेको उनीहरु बताउछन्।

## मजदूरीबाट कृषि ब्यवसाय– आत्मनिर्भर बन्ने उपाय

परिवारमा आफु सहित सात जना दिदी, भाई–बहिनीहरु भएको हुँदा सिमित जग्गा–जमिनले खान–लाउने र पढाइ–लेखाइ गर्ने खर्चको ब्यवस्थापन गर्न निकै कठिन भएपछि छ कक्षामा पढ्दै गर्दा बीचमै छोडेर २०५३ सालमा सत्र बर्षको उमेरमा भिनाजु काँशिराम बुढाथोकीसंग भारतको हिमाचल प्रदेश सोलनमा आएको उनी बताउछन्। सोलनमा आएपछि शुरुमा जमिनदारको घरमा मजदूरी गर्दै आउने क्रममा केही महिनापछि जमिनदारकै जग्गा भाडामा लिएर तरकारी खेती गर्ने कामको शुरुवात पनि गरेका रहेछन्। ब्यवसायिक तरकारी उत्पादनमा जोडिएर काम गर्दा राम्रै आम्दानी हुने स्थिति देखेर एकबर्षपछि सोलनबाट घरमा गइ श्रीमतीलाई पनि साथमै लिएर सोलनमा आई दम्पती नै ब्यवसायिक तरकारी उत्पादनमा लागेको उनी बताउछन्। श्रीमान–श्रीमती मिलेर नै तरकारी बारीमा काम गर्ने, फलाएका तरकारीहरु बजारसम्म पु¥याएर बिक्री गर्ने र कमाएको पैसाले दुईभाई छोराहरुलाई पढाउदै नेपालमा पनि जग्गा–जमिन किन्ने योजना बनाएर पन्ध्र बर्ष अघि दाङको श्रीगाउँमा चार लाखले दुई बिगाह जति जग्गा किनेका रहेछन्।

## बुबा र श्रीमतीको उपचार– सहयोगी जमिनदार

मानिसको जीवनमा बेला–बखतमा आइपर्ने स्वास्थ्य समस्याहरुले घर–परिवारको आर्थिक र मानसिक अवस्थालाई निकै प्रभावित बनाएको हुन्छ। बल बहादुर चलाउने सोलनमा आएर तरकारी खेती गर्न लागेको एकबर्षको अवधि भएको बेला उनका बुबा पनि मजदूरी गर्न भनेर सल्यानबाटगाउँका साथिहरुसंग सोलनमा आएर मजदूरी काम गर्दै आइरहेको बर्षदिन नपुग्दै लामखुट्टेले टोकेको निहुँमा खुट्टा सुन्निएर थला पर्ने अवस्था आएको र बुबाको उपचारका लागी सोलनको क्षेत्रिय अस्पतालमा भर्ना गर्दा डाक्टरले सिमलाको अस्पतालमा लैजाने रिफर गरिदिएपछि दुई महिना जति सिमलामै उपचार गराएर नेपाल घरमा पु¥याइ श्रीमतीलाई साथमा लिएर आएका रहेछन्।

बुबालाई उपचार गर्दा समय र कमाएको पैसा पनि खर्च हुँदा कृषि ब्यवसाय नै धरापमा पर्ने अवस्था आएपनि दुबैजनाको मेहनेतले आर्थिक अवस्थालाई सुधार गर्दै आइरहेको स्थितिमा उनको कान्छो छोरा जन्मने बेला श्रीमतीको पाठेघरमा देखिएको

समस्याका कारण सन्तानपुर मेडिकल कॉलेजमा भर्ना गर्दा त्यहाँ उपचार सम्भव नभएपछि डाक्टरले गरेको रिफर अनुसार चण्डीगढको पि.जि.आई. हस्पिटलमा लगेर अप्रेसन गरेर उपचार गर्दा पुनः आर्थिक संकट बेहोर्नु परेको अवस्थामा सोलनकै बल बहादुरका जमिनदार सुनिता ठाकुर र उनका भाईहरुले पनि आफुलाई निकै ठुलो सहयोग गरेको उनको भनाइ छ।

**दम्पती नै संगठित रुपमा सक्रिय- संगठन र कृषिको काममा चक्रिय**

भारत प्रवासमा रहेर ब्यवसायिक तरकारी खेतीबाट आय-आर्जन गर्नेगरि कृषिलाई मुख्य पेशा बनाएका बल बहादुर चलाउनेका दम्पतिले नेपालमा ने.क.पा.(माओवादी) को नेतृत्वमा चलेको जनयुद्धलाई सहयोग पुग्ने गरि आर्थिक, भौतिक, नैतिक रुपमा सहयोग र समर्थन गर्ने सोंच बनिरहेकै अवस्थामा माओवादी निकट अखिल भारतीय नेपाली एकता समाजका लाल बहादुर पुन, ताजबिक्रम शाहीसंग सम्पर्क एवं भेटघाट-छलफल हुँदा उनीहरुबाट दुबैजनाले संगठनको सदस्यता लिएर बिभिन्न तहका कमिटीमा रही पदीय जिम्मेवारी भूमिका निर्वाह गर्दै आउने क्रममा बल बहादुर चलाउने अहिले माओवादी केन्द्र निकट अखिल भारतीय नेपाली एकता मञ्चका केन्द्रीय समिति सदस्यको पदीय जिम्मेवारीमा रहेका छन भने उनकी श्रीमती लिलावती चलाउने उक्त संगठनको हिमाचल राज्य समिति सदस्यको पदीय जिम्मेवारी भूमिका निर्वाह गरिरहेकी छन्। ब्यवसायिक कृषि कर्म र संगठनको पदीय जिम्मेवारी भूमिका अनुसारको कामहरु गर्नुपर्दा दुबैजनाले कृषि र संगठनको कामकाजका कार्यक्रमहरुमा चक्रिय प्रणाली अनुसार दुबैजनाले आलोपालो गर्दै समय र कामको ब्यवस्थापन गरिहेको उनीहरु बताउछन्।

**दीगो बिकास, खानेपानी र सिंचाइको नयाँ अवधारणा- बन्द गर्नुपर्ने खुला सिमाना**

भारत प्रवासमा अथक मेहनेत गरेर राम्रै सम्पति आर्जन गर्दै दुईभाई छोराहरुलाई पनि राम्रो शिक्षा-दिक्षा दिएर उच्च स्तरमा पु¥याउन सफल बल बहादुरले थुप्रै ब्यवहारिक ज्ञान-अनुभव पनि हासिल गरेका छन्। नेपाल-भारतको दुई देशीय राष्ट्रिय सुरक्षा हितका लागी पनि दुबै देशका सरकार प्रमुखले गम्भीरता पुर्वक छलफल संवाद गरेर नेपाल-भारतको खुला सिमाना बन्द गरि पासपोर्टको ब्यवस्था गर्नुपर्ने उनको धारणा रहेको छ। नेपालको केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरुले रोजगारी सिर्जना गर्ने बिषयलाई पहिलो प्राथमिकतामा राखेर दीगो बिकासको अवधा।रणा अनुसार सडक, शिक्षा, स्वास्थ्यको राम्रो ब्यवस्था गर्नुपर्नेमा जोड दिंदै खानेपानी तथा सिंचाइको ब्यवस्था गर्न मुहान, खोला र नदीको पानीलाई बहु उपयोगी हुनेगरि बैकल्पिक सोच सहितको नयाँ अवधारणा बनाएर राज्यले लागु गर्नुपर्ने उनको सुझाव रहेको छ।



# नेपालमा मौरीपालन को परिचय, सभांवना र महत्व

पृथ्वीमा पाइने कीराहरुमध्ये मौरी एक महत्वपूर्ण, फाइदाजनक र विवेकशील कीरा हो। विश्वमा करिव बिस हजार प्रजातिका मौरीहरु रहेका छन्। नेपालमा विशेषगरि तराइदेखि हिमालयसम्म कठ्यौरी मौरी, खागो मौरी, भीर मौरी, मेलिफेरा मौरी र सेरेना मौरी गरी पाँचवटा प्रजातिहरु पाइन्छन्। नेपालको पहाडी क्षेत्रमा सेरेना मौरी र तराइमा मेलिफेरा (युरोपियन) मौरी प्रख्यात छन्। मौरीपालनका दृष्टिकोणले विश्वका धेरै देशहरुको तुलनामा नेपाललाई पनि संभावना बोकेको देशको रुपमा हेरिन्छ।

नेपालमा जैविक विविधतामा विविधिकरण, भुधरातलमा विविधिकरण,र हावापानीमा विविधिकरण भएकोले मौरीपालनको दृष्टिबाट नेपाललाई अझै महत्वपुर्ण मानिन्छ।

नेपालका किसानहरुले हालसम्म दुईवटा प्रजातिहरु (सेरेना र मेलिफेरा) लाई मात्र घारमा पाल्दै आएका छन्। मेलिफेरा मौरीको तुलनामा सेरेना मौरी तापक्रममा हुने उतारचडाव, चरन, रोगकिरा आदि समस्याहरु केही हदसम्म सहन सक्ने प्रकृतिको हुन्छ।

## नेपालमा मौरीपालनका सम्भाबनाहरु

नेपालका जंगलहरुमा धेरै प्रजातिका फुलहरु बाहै महिना उपलब्ध हुने हुदा मौरीलाई चरन व्यबस्थापनमा सहज भई मौरीपालनमा सघाउ पुग्छ। नेपालको विशेषगरि ग्रामीण क्षेत्रमा रासायनिक मलखाद र विषादिको प्रयोग न्युन हुन्छ।

त्यसैले ग्रामीण क्षेत्रका किसानहरुलाई जागरुक बनाई मौरीपालनमा संलग्न गराउन सके नेपालमा प्रागंरिक मह को उत्पादन बढाई अन्य देशहरुमा निर्यात गर्न सकिन्छ। मौरीबाट प्राप्त हुने मह बाहेकका उत्पादनहरु जस्तै मैन, प्रोपोलिस, पोलेन, रोयल जेल्ली, नेपालमा व्यावसायिक रुपमा उत्पादन तथा बजारिकरण गर्न सके मौरीपालनलाई थप आय आर्जनको साधनको रुपमा विकास गर्न सकिन्छ। अरु व्याबसाय भन्दा मौरीपालन व्यावसाय कम समय, कम लागत, थोरै जग्गा र सजिलो हुने हुदाँ मौरीपालनले गृहिणी महिलाहरुलाई आयआर्जन को प्रचुर सम्भावना बोकेको छ।

नेपालमा मौरीपालनको लागि आबश्यक पर्ने दक्ष तथा अदक्ष जनशक्ति पर्या्प्त मात्रामा उपलब्ध भएकोले यो जनशक्तिलाई परिचालन गरि मौरीपालनलाई थप आधुनिक र बैज्ञानिक बनाउन सकिन्छ। भीरमौरीको मह काढ्न तथा अबलोकन गर्न बाह्य पर्यटकहरु बढी आकर्षित हुने हुदा मौरीपालनको क्षेत्रबाट पर्यटन प्रवद्र्धन समेत गर्न सकिन्छ।

# मौरीपालनको महत्व

नेपाल जस्तो प्राकृतिक श्रोतसाधनले भरिपुर्ण देशमा मौरीपालनको व्यापक महत्व छ। मौरी मह उत्पादनको माध्यम मात्र हैन हाम्रो अस्तित्व जोगाउने महत्वपुर्ण अवयव पनि हो। मौरीले पर परशेचन हुने बालीहरुको करिब ८० % परागशेचनको हिस्सा ओगटेको छ। प्रसिद्ध बैज्ञानिक अल्बर्ट आइन्सटाइन ले मौरी बिना मानिसको अस्तित्व करिब ४ बर्ष मात्र हुन्छ भन्नुभएको थियो। यसबाट पनि मौरीको महत्व प्रष्ट सगँ बुझ्न सकिन्छ।

मौरीबाट उत्पादन हुने महमा कार्बोहाइड्रेट, प्रोटिन, भीटामिन जस्ता हाम्रो शरीरको बृद्धि र विकासमा प्रशस्त भुमिका खेल्ने तत्वहरु पाइन्छन्। महलाई गाउँघरमा खोकी लाग्दा, पोलेको घाउँमा र शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन समेत प्रयोग गरिन्छ। भीरमौरीको मह सेबन गर्नाले क्यान्सर जस्ता घातक रोगलाई समेत राम्रो फाइदा पु¥याउछ। सबै वालीहरूको सबै परागकणहरू परागसेचनमा भाग लिदैंनन् र मौरीले त्यी परागकणहरू सङ्कलन गरेर उपयोगी उत्पादनमा रुपान्तरण गर्छ जुन अरु केहिले पनि गर्न सक्दैन।

त्यसैले मौरी धेरै महत्वपुर्ण छ। मौरीपालन व्यवसाय सञ्चालन गर्दा दक्ष देखि अदक्षसम्म, संकलन, व्यवस्थापन, प्रशोधन, साथै बजारीकरणमा जनशक्ति आवश्यक पर्छ।




यसले केहि हदसम्म रोजगारीका अवसरहरू सिर्जना गर्न समेत सघाउ पु¥याउँछ।

नेपालमा उत्पादित मह अन्य देशहरूमा निर्यात गर्दा विदेशी मुद्रा आर्जन भई आर्थीक सुदृढीकरणमा सहयोग पुग्छ। मौरीपालनको लागि चाहिँने सामाग्रीहरू बनाउँने कच्चा पदार्थको उपलब्धता नेपालमा सहज रुपले हुने हुँदा प्राकृतिक स्रोत साधनको समुचित प्रयोग समेत हुन्छ।

मौरी र मौरीजन्य उत्पादन कुनै पनि धर्म बिशेषमा प्रतिबन्धित छैन यसले गर्दा मौरीपालन जुनसुकै जाति वा धर्ममा संलग्न मानिसहरूले गर्न सक्छन्। मौरीको यति धेरै महत्व हुँदाहुँदै अनुसन्धान र प्रसारको कमि, जलवायु परिवर्तन, नयाँ रोग किराको आक्रमण, बढ्दो रसायनको प्रयोग, वातावरण प्रदुषण, उचित व्यवस्थापनको कमि जस्ता समस्याहरूले मौरी पालन व्यवसाय वा मौरीको दैनिकी अफ्ठ्यारोमा छ।

यी समस्याहरूको उचित व्यवस्थापन गरी मौरी संरक्षण र सम्बंद्र्धनमा हामी सबैको उत्तिकै भुमिका रहन्छ।

**मौरी संरक्षण गर्न र मौरीपालन व्यवसायलाई थप वैज्ञानिक र आयआर्जनमुखी बनाउन हाम्रो, किसानको र सरकारको भुमिका के हुन सक्ला?**

## किसान, कृषि प्राविधिक र समुदायको भुमिका

- फरक फरक समयमा फुल फुल्ने बिरुवाहरू वृक्षारोपण गर्ने। विशेष गरी सामुदायिक वन, सरकारी कार्यालय र सडकको छेउछाउमा प्रशस्त विरुवाहरू लगाउँन सकिन्छ।

- आफ्नो ठाउँको उत्पादन आफैंले किन्ने बानि बसाल्ने।
- हाम्रो गाउँमा उत्पादित मह हामी आफैंले किन्ने बानि बसाल्यौं भने मह उत्पादन गर्ने किसानलाई प्रोत्साहन मिल्छ।

- पांङ्गारीक कृषिमा जोड दिने।रसायनको प्रयोगले महको गुणस्तर र मौरीको दैनिकीमा नराम्रो असर पर्छ।रसायनको प्रयोग गर्नुपरेमा वैकल्पिक चरनको उपाय अपनाई सावधानीपुर्वक गर्ने।

- किसान मौरीपालक र स्थानियहरूसँग समन्वय गराउँने जसले गर्दा एकआपसका गतिबिधिहरू साटासाट वा आदानप्रदान हुन्छन्।
- खेति गर्दा मिश्रित बाली, अन्तरबाली र बाली चक्र अपनाउने वा फरकफरक वाली लगाउने जसले गर्दा वर्षभरि नै मौरीको चरन व्यवस्थापनमा सहयोग पुग्छ।

- अथवा मौरीपालक किसानले मौरीलाई बढि मन पर्ने तोरी, फापर जस्ता बालीहरू लगाउँन पनि सकिन्छ।

## सरकारको भुमिका

- कृषिका अन्य क्षेत्रहरूको तुलनामा मौरीसम्बन्धी अनुसन्धान र प्रसार ज्यादै कम भएको पाइन्छ।

मौरीपालनमा अनुसन्धानलाई थप मजबुत बनाइ मौरीपालनलाई वैज्ञानिक र आधुनिक बनाउँन सकिन्छ।नेपाल सरकारले मौरी संरक्षण नीति २०७४ जारी गरी मौरीपालनलाई एक कदम अगाडी बढाएको छ।तर यो प्रयाप्त होइन यस्ता अन्य नीति, ऐन र नियमावलीहरू बनाइ कानुनी र सरकारी तवरबाट मौरीपालनलाई एक उम्दो व्यवसायको रुपमा अगाडी बढाउँन जरुरी छ।

- मौरीपालन सम्बन्धी योजना बनाउँदा देखि कार्यान्वयनसम्म किसान, स्थानिय सरकार साथै स्थानिय स्तरमा कृषिसँग सम्बन्धीत सरकारी र गैर सरकारी संस्थालाई समेत सामेल गराउँनु पर्दछ।

- सरकारी तवरबाट मौरीपालन गर्ने किसानले पाउने ऋण, अनुदान र प्राविधिक सेवा थप सहज र छिटो बनाइ किसानलाई सहयोग गर्नुपर्छ।
- मौरी बिमा कार्यक्रम प्रभाबकारी रुपले कार्यान्वयन गर्नुपर्छ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।